# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०८।२९ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला धनुषा, विदेह नगरपालिका-२ स्थित श्री शंकर जनता माध्यमिक विद्यालय, दुहवी, गोवराहीका प्रधानाध्यापकले आ.व. २०७८/०७९ मा ICT ल्याब स्थापना तथा आ.व. २०७९/०८० को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयमा IT ल्याव स्थापना तथा Digital Library सुदृढीकरण कार्यक्रम अन्तर्गत गुणस्तरहीन कम्प्युटर खरिद गरी आर्थिक अनियमितता गरेको भन्ने समेत ब्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा श्री शंकर जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक धनिकलाल ठाकुर र तत्कालीन लेखापाल अरुण कुमार कुशियैतले आपसी मिलेमतो तथा योजनामा आफ्नो पद ओहदाको दुरुपयोग गरी आफ्नो जिम्मामा रहेको सरकारी सार्वजनिक सम्पत्ती हिनामिना हानिनोक्सानी तथा दुरुपयोग गर्ने बदनियतले आ.व.२०७६/०७७ मा ICT ल्याब व्यवस्थापन शीर्षकमा विदेह नगरपालिकाबाट प्राप्त रु. ६,५०,०००।- बाट ICT ल्याब सम्बन्धी सामाग्रीहरू खरिद नगरी भुक्तानी लिई लाभ प्राप्त गरी गराई उक्त कार्य कसूर ढाकछोप गर्न गराउन उक्त ICT ल्याब सम्बन्धी सामाग्रीहरु खरिद गरेको भनी विदेह नगरपालिकालाई झुट्टा तथा गलत प्रतिवेदन पेश गरे गराएको स्थापित भएको, सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार ICT ल्याव सामाग्री खरिद गर्दा कुनै पनि प्रक्रिया पुरा नगरीकन पछि प्रक्रिया पुरा गरेको देखाउन नक्कली कोटेशन खडा गरेको/गर्न लगाएको, खरिद आदेश, दाखिला प्रतिवेदन, खर्च नहुने समानहरूको जिन्सी खाता लगायतका अभिलेख राखेको नदेखिएको, त्यसैगरी, आ.ब.२०७८/०७९ को ICT ल्याब व्यवस्थापन कार्यको लागि खरिद गरिएको रु.८७,५००।—मूल्य वरावरको प्रोजेक्टर तथा आ.व.२०७९/०८० मा ICT ल्याब व्यवस्थापनको लागि खरिद गरिएको मूल्य रु.१,२४,६५२।६५ मूल्य वरावरको School Software र Stand हाल विद्यालयको अभिलेखमा रहेको नदेखिंदा निज प्रतिवादी धनिकलाल ठाकुरले उक्त सामाग्रीको दुरुपयोग गरेको तथ्य स्थापित भएकोले जम्मा **रु.८,६२,१५२।६५** (आठ लाख बैसठ्ठी हजार एक सय बाउन्न रुपैंया पैसठ्ठी पैसा मात्र) श्री शंकर जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक धनिकलाल ठाकुर र तत्कालीन लेखापाल अरुण कुमार कुशियैतले आपसी मिलेमतो तथा योजनामा सरकारी सार्वजनिक सम्पत्ती हिनामिना हानिनोक्सानी तथा दुरुपयोग गरेको हुँदा निजहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएकोले निज प्रतिवादीहरुलाई देहाय बमोजिमको कसूरमा देहाय बमोजिम सजायको मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | श्री शंकर जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक **धनिकलाल ठाकुर** | **रु.८,६२,१५२।६५** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.आठ लाख बैसठ्ठी हजार एक सय बाउन्न रूपैंया पैसठ्ठी पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को |

| | | | |
|---|---|---|---|
| | | | देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को देहाय (घ) बमोजिम कैद र सोही दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २. | श्री शंकर जनता माध्यमिक विद्यालयका मा.वि.का तत्कालीन लेखापाल स्व. अरुण कुमार कुशियैतकी श्रीमती श्री मति **कुमारी सरिता देवी कुशियैत** | **रु.८,६२,१५२।६५** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.आठ लाख बैसठ्ठी हजार एक सय बाउन्न रूपैंया पैसठ्ठी पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को देहाय (घ) बमोजिम कैद र सोही दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदावी लिनुपर्ने देखिएता पनि निज प्रतिवादीको मृत्यु भएको मृत्यु दर्ता प्रमाणपत्रबाट देखिएकाले फौजदारी न्यायको सिद्धान्त बमोजिम निज उपर फौजदारी कसुरमा कैदको सजाय मागदाबी लिनु पर्ने अवस्था नरहेता पनि निज उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (२), सोही संहिताको दफा १५८ को उपदफा (२), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २९क. र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम मृत्यु भएको प्रतिवादीको हकमा समेत मुद्दा चलाउन र सरकारी वा निजी बिगो क्षतिपूर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेकोले प्रतिवादी अरुण कुमार कुशियैतकी श्रीमतीबाट प्रतिवादी अरुण कुमार कुशियैत जीवित हुँदा माथि उल्लेखित कसुर गरी नेपाल सरकारलाई हानी पुऱ्याएको बिगो रु.आठ लाख बैसठ्ठी हजार एक सय बाउन्न रूपैंया पैसठ्ठी पैसा निजको श्रीमती प्रतिवादी श्री मति कुमारी सरिता देवी कुशियैतबाट असूल उपर हुन मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता

गणेश बहादुर अधिकारी